# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :४ संख्या : ३ चैत्र १८ गते, २०७५**

## भाग २

## रेसुङ्गा नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५(पहिलो संशोधन, २०७९)

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/१२/१८
कार्यपालिकाबाट पहिलो संशोधन मिति : २०७९/०९/२७

### प्रस्तावनाः

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसोवास, बसाइसराई, वन फडानी वन तथा सर्वजनिक जग्गाको अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम,जनचेतनाको कमी आदि जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, स्वास्थ्यसम्बन्धी महामारी, झाडा पखाला, अनिकाल, आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु भई सकेको छ । यस्ता प्रकारका विपदबाट जीउ धन माथि भएको क्षति त छदैछ, भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यस्ता प्रकारका विपदबाट प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाको लागि कार्यविधि बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७५ लागु गरिएको छ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) संक्षिप्त नामः यस कार्यविधिको नाम "रेसुङ्गा नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५" रहनेछ ।

(२) यो कार्यविधि रेसुङ्गा नगरपालिकाको नगर कार्यपालिकाको निर्णय भएको मितिबाट लागु हुने छ ।

## परिच्छेद २

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "विपद् व्यवस्थापन कोष": भन्नाले रेसुङ्गा नगरपालिकाको विपद् व्यवस्थापन कोष सम्झनु पर्दछ ।

(ख) "कार्यविधि": भन्नाले रेसुङ्गा नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ लाई बुझाउने छ ।

(ग) "नगरपालिका भन्नाले": रेसुङ्गा नगरपालिका नग रकार्यपालिकाको कार्यालय, गुल्मीलाई जनाउँछ। ।

(घ) "विपद् भन्नाले": प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र महामारी हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(ङ) "प्राकृतिक विपद् भन्नाले": बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, पहिरो तथा भूस्खलन, जनस्वास्थ्यसंग सम्बन्धित महामारीजस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(च) "गैर प्राकृतिक विपद् भन्नाले": महामारी, अनिकाल, डढेलो, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क खानीदुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्या सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(छ) "विपद् व्यवस्थापन भन्नाले": विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य वा पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(ज) "विपद् जोखिम न्यूनीकरण भन्नाले": विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(झ) पूर्व तयारी भन्नालेः विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

(ञ) "प्रमुख" भन्नालेः रेसुङ्गा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ट) "उप—प्रमुख" भन्नालेः रेसुङ्गा नगरपालिकाको उप—प्रमुख सम्झनु पर्दछ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले: रेसुङ्गा नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(ञ) “कार्यालय” भन्नाले: रेसुङ्गा नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद ३

**३. कोष सञ्चालन समिति गठन:**

विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक कोष सञ्चालन समिति रहनेछ ।

| | |
|---|---|
| (१) प्रमुख | संयोजक |
| (२) उपप्रमुख | सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (४) रेसुङ्गा नगरपालिकाको प्राविधिक शाखा प्रमुख | सदस्य |
| (५) वातावरण तथा विपत् समितिका संयोजक | सदस्य |
| (६) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (७) रेसुङ्गा नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (८) योजना शाखा प्रमुख | सदस्य |
| (९) वातावरण शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता परेमा विपद् व्यवस्थापन कोष समितिको बैठकमा अन्य विशेषज्ञ व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

**४. समितिको काम कर्तव्य र अधिकार**

- नगर विपद् व्यवस्थापन कोषका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- नगर विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी नगर सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपदका घटना घटेमा तत्काल उद्धार, राहत तथा पुनस्थापनाको लागि आवश्यक कार्य गर्ने।
- विपद न्यूनीकरण तथा विपदमा उद्धार, राहत र पुनस्थापनको लागि अन्य निकायहरुसंग आवश्यक समन्वय गर्ने।

- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद ४

**५. समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्ने छ ।**

(१) समितिको बैठक ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसको दिन न.पा. का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

## परिच्छेद ५

**६. कोषको स्थापना र सञ्चालन**

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) रेसुङ्गा नगरपालिकाबाट वार्षिक रुपमा नगरसभाबाट विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकार,प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्थानीय तहबाट प्राप्त सहयोग

(ङ) अन्य स्रोत

(२) कोषको सञ्चालनः यस कोषको रकम नगर विपद् व्यवस्थापन कोषको खाता नं: ३०१००३०७०२०००२ मा जम्मा गरी नगरपालिकाको नियमानुसार सञ्चालन गरिनेछ ।

(३) यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन: यस कोषको खाता सञ्चालन स्थानीय तहको नियमानुसार हुनेछ ।

## परिच्छेद ६

**७. उद्धार तयारी व्यवस्थापन**

(क) विपद्को जोखिममा रहेको क्षेत्रको Risk Assessment and Hazard Mapping को व्यवस्था गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई नगर विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय, स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुनस्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद ७

**८. आपतकालिन उद्धार राहत वितरण तथा कोषबाट खर्च:**

(क) विपद्को घटनामा परी मृत्यु भएमा राहत स्वरुप नगद रु. ३५,०००।- प्रतिव्यक्तिका दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि नगद रु. ३०,०००।- प्रति परिवार सहयोग उपलव्ध गराउने ।

(ग) घर आंशिक वा गोठ पूर्ण क्षति भई तत्काल मर्मतको लागि नगद रु. २५,०००।- प्रति परिवार सहयोग उपलव्ध गराउने ।

(घ) प्रकोपमा परी खाद्यान्न वाली नोक्शान भएमा क्षतिको प्रकृति हेरी बढीमा नगद रु. २०,०००।- प्रति परिवार सहयोग उपलब्ध गराउने ।

(ङ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन, आवश्यक सहयोग र समन्वय गर्ने ।

च) पीडितलाई राहत वितरण तथा अन्य कार्य सम्पादन गर्न विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराइनेछ । उक्त राहत उपलब्ध गराउन आवश्यकता अनुसार नगरप्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

छ) जिल्लाभित्र वा बाहिर हुने प्राकृतिक प्रकोप महामारी नियन्त्रणमा नागरिकलाई उद्दार राहत भौतिक निर्माण लागत साझेदारीमा गरिने, खोज, उद्दार, निर्माणका कार्यमा यो कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ज) यस विपद् व्यवस्थापन कोषबाट विपद् व्यवस्थापन गर्न अस्पताल निर्माण, आइसुलेशन निर्माण, क्वारेन्टीन स्थापना, संकटमा परेका नागरिकहरुलाई खाद्यान, नगद, लत्ताकपडा, औषधी जस्ता राहत वितरण, संकटमा परेका नागरिकहरुकको उद्धार, खाना आवास, यातायात खर्च, एम्वुलेन्स खर्च तथा आवश्यकीय भौतिक निर्माण कार्य गर्न सकिने छ ।

(झ) राहत सहयोग नगद तथा जिन्सी प्राप्त गर्नको निम्ति पीडितले प्रहरी सरजमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(ञ) यस दफा वमोजिम—उपलब्ध गराउने राहत रकम र सामग्री विपदको प्रकृति हेरी आवश्यकता अनुसार कार्यालयबाट वा सम्वन्धित वडा कार्यालयबाट वा घरमै गएर उपलब्ध गराउन सकिनेछ ।

(ट) सम्भावित विपदबाट घर, गोठ जोखिममा रहेका र वर्षातमा घर गोठ चुहिने भएमा सम्बन्धित वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखबाट आवश्यकता हेरी घर गोठ निर्माण/मर्मतको लागि जस्तापाता वा त्रिपाल उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद ८

**९. अनुगमन तथा प्रतिवेदन सम्वन्धमाः**

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको कार्यालयबाट अनुगमन गरिनेछ ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिका र सभामा पेश गरिनेछ ।

## परिच्छेद ९

**१०. संशोधन तथा परिमार्जन सम्बन्धमा :**

नगरपालिकाको विपद् व्यवस्थापन कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## परिच्छेद १०

**११. खारेजी तथा बचाउ :**

१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा संघीय तथा प्रदेशबाट जारी हुने ऐन नियम सँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

२) यो कार्यविधि स्वीकृत हुनुभन्दा पहिले मापदण्डका आधारमा गरिएका खर्च यही कार्यविधि अनुसार भएको मानिने छ ।

आज्ञाले,
हरि प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत